प्रेस विज्ञप्ति २०६५ भाद्र २८

## भारत भ्रमणका क्रममा कुनै पनि सन्धिसम्झौतामा हस्ताक्षर नगर्न प्रधानमन्त्रीलाई विशेष ध्यानाकर्षणपत्र

जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपालले भोलि भदौ २९ गतेदेखि हुने प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को औपचारिक भारत भ्रमणका क्रममा बिना तयारी, बिना राष्ट्रिय सहमति र जन चाहनाविपरीत कुनै पनि सन्धिसम्झौतामा हस्ताक्षर नगर्न तथा विगतका असमान सन्धिसम्झौता खारेजीका लागि भारतसँग प्रष्ट कुरा राख्न सुझावसहितको विशेष ध्यानाकर्षण पत्र आज प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई बुझाएको छ ।

भारत भ्रमणका क्रममा भारतले सप्तकोशी उच्चबाँध, पंचेश्वर-पूर्णागिरी उच्चबाँधलगायतका आयोजना निर्माणमा नेपाललाई दबाब दिन सक्ने भएकोले भारतीय स्वार्थमा डिजायन गरिएका र भारतकै नदी जडान आयोजनासँग जोडिएका ती आयोजना निर्माण सम्बन्धमा कुनै पनि हालतमा सहमति नजनाउन, तथा भारतद्वारा निर्मित कोशी तटबन्ध फुटदा भएको सम्पूर्ण क्षतिको क्षतिपूर्ति तथा मुआब्जाका लागि समेत भारतसँग पहल गर्न अनुरोध गरेको छ ।

राष्ट्रहितविपरीत गरिएको महाकाली सन्धि र गण्डक सम्झौताले नदीको माथिल्लोतटीय अधिकार खोसेको तथा गण्डक, कोशी, महाकाली सम्झौताका कारण राष्ट्रले ठूलो मूल्य चुकाउनु परेको छ । तसर्थ कोशी, गण्डक तथा महाकालीलगायत सबै असमान सन्धिसम्झौताहरु खारेज गरी नेपालको माथिल्लोतटीय अधिकार कायम राख्दै भविष्यमा विज्ञ, विशेषज्ञ एवम् आमनेपाली जनतामाझ छलफल चलाएर मात्र नयाँ सन्धिसम्झौता हुनुपर्ने कुरा ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

भारतले सीमावर्ती क्षेत्रमा अन्तराष्ट्रिय कानुनविपरीत सडकका नाममा निर्माण गरेका गैरकानुनी तटबन्धहरु भत्काउन, कालापानीमा रहेको भारतीय सैनिक क्याम्प तत्काल हटाउन, देशका ६२ वटा भन्दा बढी स्थानमा भारतद्वारा भइरहेको सीमाअतिक्रमण रोक्न तथा सन् १९५० को कथित शान्ति तथा मैत्री सन्धि खारेजीका लागि समेत प्रधानमन्त्रीलाई सुझाव दिएको छ ।

जलस्रोत विकासको नाममा भारतले 'भुटानी मोडेल'लाई अघि सार्नसक्ने कुरा तर्फ सचेत रहन र 'बिजुली बेचेर भुटान धनी भएको भन्ने कथित भुटानी मोडेल नेपालको हितमा नरहेकोले यस्तो मोडेलमा सहमति नगर्न समेत प्रधानमन्त्रीलाई आग्रह गरिएको छ ।

नेपालको राष्ट्रिय स्वार्थ अनुकूल हुने गरी पञ्चशिलमा आधारित असंलग्न परराष्ट्र नीति अनुशरण गर्दै भारतद्वारा निरन्तर प्रहार हुँदैआएको नेपाली राष्ट्रियताको जगेर्नाका निमित्त सबै क्षेत्रमा विद्यमान भारतीय दादागिरी, हस्तक्षेप एवम् हेपाहा प्रवृत्तिबाट उन्मुक्ति दिलाउन भारत निर्देशित नेपाली राजनीतिक परम्पराको समेत सदाका लागि अन्त्य गर्न प्रधानमन्त्रीलाई विशेष अनुरोध गरिएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा महासंघका अध्यक्ष रामचन्द्र चटौत, संयोजक रतन भण्डारी र खिमाराम लम्सालसहितको टोलीसँगको भेटमा प्रधानमन्त्री प्रचण्डले विगतका सरकारहरुको जस्तो गल्ती आफूले कुनै पनि हालतमा नगर्ने जनभावनाअनुसार नै अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

रतन भण्डारी
संयोजक
९८४१४८५८१५